नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्रीकृषिआधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
विराटनगर, मोरङ

फोन नं.: ०२१-५०३०४०
इमेल :pmamp.piu.morang@gmail.com
वेभसाइट: www.piumorang.pmamp.gov.np

## कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

सूचना नं.:-६
सूचना प्रकाशित मितिः-२०८०/११/१५ गते

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, मोरङ्गको चालु आ.व.०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात् (मिति २०८० चैत १४ गते भित्र) यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**तपसिल**

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूहभित्रका कृषक, कृषि उद्यमी | सुनसरी र मोरङ्ग जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ६ मा भएको र समितिले तोके बमोजिम | • प्रति प्रस्ताव बढीमा चार लाख रुपैंया सम्म।<br>• स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप बढिमा दुई किस्तामा शोधभर्ना गरिने। |

**निवेदन साथ संलग्न कागजातहरु**

(१) रु १० को टिकट टास गरि कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।
(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
(६) कृषक समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी कृषक समूह/संस्थाको सिफारिश पत्र।
(७) सम्बन्धित स्थानिय तहको कृषि विकास/पशु सेवा शाखाको सिफारिस पत्र ।
(८) परियोजनाले माग गरेको अन्य आवश्यक कागजातहरु सहित निबेदन तथा प्रस्तावना फाईलिङ्ग गरि पेश गर्नुपर्ने छ।

**नोटः- अनुसूची-२ अनुसारको आवेदन तथा अनुसूचि-३ अनुसारको कार्यक्रम संचालन सम्बन्धी प्रस्तावना पत्र परियोजना कार्यान्वयन एकाइ, मोरङ्गको वेभसाइटः piumorang.pmamp.gov.np बाट Download गर्न सकिनेछ ।**